सामुदायिक रेडियो सोलु एफ्. एम. द्वारा प्रकाशित साप्ताहिक

# सोलु समाचार

सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

सोलुखुम्बु सदरमुकाम सल्लेरीमा
फ्रेन्डशीप सेकुवा कर्नर घर
तपाई पनि आउनुहोस् है !
जिल्ला विकास समितिको कार्यालय नजिकै
सम्पर्क : ०३८ - ५२०४३९

वर्ष ५, अङ्क २१, सोलुखुम्बु | २०६८ भाद्र १६ गते शुक्रबार | Sep 2, 2011 | मूल्य १० रुपैयाँ | http://solufm.wordpress.com

## भट्टराई बने ३५ औं प्रधानमन्त्री

*काठमाडौं । सोलु समाचार*

एकिकृत नेकपा माओवादीका उपाध्यक्ष डा. बाबुराम भट्टराई नेपालको ३५ प्रधानमन्त्रीमा आइतबार निर्वाचित भएकाछन् । ३ सय ४० सभासद्को समर्थनमा भट्टराई प्रधानमन्त्री बन्न सफल भएका हुन् । भट्टराईका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका रामचन्द्र पौडेलले २ सय ३५ मत प्राप्त गरे । भट्टराईलाई संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा लगायत् साना दलहरुले



.... बाँकी पृष्ठ नं. ८



सोलुखुम्बुको बेनी गाबिसमा रहेको भेडागोठको दृश्य : फोटो/सोलु समाचार

# सोलुखुम्बुको सडक र सिरस्नेरी

**भोजेन्द्र बस्नेत/सोलु समाचार साप्ताहिक**

ठूलो ढुङ्गा भिरबाट खस्न शुरु हुन्छ । निकै बल गरेर दौडेजस्तो लाग्ने त्यो ढुङ्गाले अरु साथी र माटोलाई हुत्याउँदै सोलुखोलामा भ्वाम्म खस्छ । रहरलाग्दो गरी पानीको फोहरा उठ्छ । डिलमा उभिएर हेरिरहँदा रमाईलो लाग्छ । जति हेर्‍यो त्यति नै हेरौं/हेरौं लाग्ने अझ समूहमा हुँदा त उ आयो ! आयो भन्दै कराउनुको मज्जा छुट्टै । करिब एक महिनादेखि सोलुखुम्बुको तिङलास्थित सिस्नेरी भिरमा यस्तै दृष्य छ । दिन रात वा झरी घाम जहिले पनि दृष्य यस्तै । तर त्यहाँबाट झरिरहेको ढुङ्गा र माटोले मोटर चढेर सिधै तराई पुग्ने धेरै सोलुबासीहरुको सपनालाई भने निक्कै पर धकेलिरहेको छ । गाडी चलेपछि सस्तोमा सामान किन्न पाईन्छ भन्ने सोलुबासीको आशा भिरवाट ढुङ्गा खसेर टुक्रिएजस्तै टुक्रिरहेको छ । यति मात्रै हैन माथिवाट लड्दै आएको ढुङ्गा सोलु खोलामा खसेर पानीको फोहरा उठ्दा बाटो हिड्ने पैदलयात्रीहरुलाई कठिन बाटो खोज्दै माथिबाट जाउ भन्ने संकेतसमेत गरिरहेको छ ।

**करिव २ सय ७० मिटर लम्बाई रहेको सो पहिरोमा अहिलेसम्म झण्डै साढे ३ करोडभन्दा बढी रकम बालुवामा पानी खन्याएको जस्तै भएको छ ।**

सिस्नेरी भिर अहिले सोलुबासीको लागि शत्रु नै बनेको छ । करिव २ सय ७० मिटर लम्बाई रहेको सो पहिरोमा अहिलेसम्म झण्डै साढे ३ करोडभन्दा बढी रकम बालुवामा पानी खन्याएको जस्तै भएको छ । पहिरो नियन्त्रणका लागि आर्थिक बर्ष २०६४/०६५ सालमा १ करोड, २०६५/०६६ मा डेढ करोड र ०६७/०६८ मा १ करोड खर्च भएको विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन कार्यक्रम जिल्ला आयोजना कार्यालय सोलुखुम्बुको तथ्याङ्कले देखाएको छ । यसबेला पहिरोको छेउमा

.... बाँकी पृष्ठ नं. ६

## टिम्मुरबोटेमा अख्तियार

*सल्लेरी । सोलु समाचार*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोलुखुम्बुमा भ्रष्टचारको नमुनाका रुपमा चिनिएको टिम्बुरबोटे काण्डको छानविन शुरु गरेको छ । अख्तियारले जिल्ला विकास समिति सोलुखुम्बुलाई टिम्बुरबोटे ओढार आसपास भएका भौतिक संरचनाको अनुगमण गरी प्रतिबेदन पठाउन निर्देशन दिएर मुद्दालाई अगाडी बढाएको हो ।

अख्तियारको निर्देशन अनुसार स्थानीय विकास अधिकारी पुरुषोत्तम नेपाल सहितको सर्बदलीय, सर्वपक्षीय टोलीले हिजो टिम्बुरबोटे ओढार आसपासको अबलोकन गर्‍यो । करोडभन्दा बढिको भ्रष्टचार भएको भनिएको सो काण्डमा ४२ लाखको प्रमाण भेटिईसकेको छ ।

जसको छानविनका लागि टिम्बुरबोटे सहिद स्मृती पार्क प्रतिष्ठानका अध्यक्ष बलबहादुर केसी बिरुद्ध अख्तियारमा मुद्दा दर्ता भएपछि अख्तियारले छानबिन थालेको हो ।

## तीजको लहर गयो बरीलै......

बिहानै नुहाएर निराहार व्रत, रातो सारी, साथीसंगीसँगको जमघट अनी मनका बहहरु पेख्दै गीत गाउनु । हिन्दु नारीहरुका लागि भदौ १४ गते अर्था हरितालिका तीज पर्व निकै रमाईलो भयो । समूह(समू जम्मा भएर नाच्दा त कस्तो रमाईलो पो भयो त, नाच्दै गरेका महिलाहरु यस्तै भन्दै थिए । बुधबार बिहानसम्म तीजको लहर आयो बरिलै भन्दै गरेका महिलाहरुले साँझ पख भन्न थाले तीजको रहर गयो वरीलै .......।

हिमालयकी पुत्री पार्वतीले महादेव पति पाउनका लागि कठोर व्रत गरी आफ्नो कामना पुरा गरेको धार्मिक कथन अनुसार यो पर्व मनाइदैछ आएको मानिन्छ । यस साँस्कृतिक पर्वमा पानी समेत नखाई विवाहित महिलाहरु शिवको पुजा आराधना गर्दै आफ्ना पतिको

.... बाँकी पृष्ठ नं. २

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

## धमाधम गाबिस परिषद

***यादव फुयाल/केरुङ गाविस***

शिक्षा र विद्युतलाई प्राथमिकता दिँदै केरुङ गाविसको २० औं गाउँ परिषद मंगलबार केरुङमा सम्पन्न भएको छ। गाविस सचिव पेम्बा शेर्पाको सभापतित्व र चाँगेस्थान उच्च माविका निमित्त प्रधानाध्यापक रोहितकुमार कार्कीको प्रमुख आतिथ्यमा भएको परिषदले विकास तर्फ १७ लाख ३० हजार र प्रशासनिक खर्च तर्फ ४ लाख २० हजार रुपैयाँ बिनियोजन गरेको छ।

***सुरेश खड्का/टाक्सिन्दु गाविस***

सडक र शिक्षालाई प्राथमिकता दिँदै टाक्सिन्दु गाविसको २० औं गाउँ परिषद पनि मंगलबार सम्पन्न भएको छ। गाविस सविच रेवती अधिकारीको अध्यक्षतामा भएको परिषदले सल्लेरी(टाक्सिन्दु मोटरबाटोका लागि ९ लाख ७५ हजार रुपैयाँ विनियोजन गरेको छ। परिषदले शिक्षातर्फ ६ लाख ५० हजार रुपैयाँ छुट्टाएको छ। परिषदले कुल बजेटमध्ये विकासतर्फ २० लाख ३१ हजार र प्रशासनिक खर्च ४ लाख २० हजार रुपैयाँ बिनियोजन गरेकोछ।

***डिल्ली शर्मा/नेचा बतासे***

सोमबार शुरु भएको नेचा बतासे गाविसको २० औं गाउँ परिषद मंगलबार सम्पन्न भएको छ। गाउँ परिषदमा बतासेको ग्रामीण सडकको उपभोक्ता समितिको बिषयमा विवाद भए पछि सर्वदलीय नेतृत्ववाट प्रतिनिधित्व हुने गरी समिति निर्माण निर्माण भए पछि परिषदसम्पन्न भएको हो।परिषदले शिक्षातर्फ हिमाल दर्शन मावि तथा उच्च माविलाई गरी ३ लाख ५० हजार, सडकतर्फ ६ लाख रुपैयाँ विनियोजन गरेको छ। गाविस सचिव विनोद बस्नेतको अध्यक्षतामा बसेको परिषदले सामुदायिक अस्पताल नेचालाई ३ लाख ७५ हजार रकम छुट्ठाएको छ। गाविसको कुल बजेट २५ लाख १ हजार मध्ये ३५ प्रतिशत रकम प्रशासनिक खर्चका लागि छुट्टाईएको र महिला, दलित, जनजाती तथा अपाङगत भएका व्यक्तिहरुको लागि निर्देशिका अनुसार नै बजेट विनियोजन गरिएको छ।

***पेशल खालिङ/बासा गाविस***

बासा गाविसको २० गाउँ परिषदले सडकलाई प्राथामिकता दिएको छ। गाविस सचिव शम्भु आचार्यको अध्यक्षतामा शनिबार सम्पन्न परिषदले फाप्लु(रातनाङ्गे( बासा कृषि सडकको लागि ९ लाख रुपैयाँ बिनियोजन गरेको छ।

परिषदले कुल २१ लाख बजेटमध्ये ३ लाख ३६ हजार चालुतर्फ र बाँकी पुँजिगत तर्फ छुट्याएको छ। परिषदले शिक्षाको लागि पनि महत्वकासाथ रकम छुट्याएको छ। परिषदले हिमालय उच्च मावि बासालाई ४ लाख ५० हजार, खाली माविका लागि १ लाख र पद्यमकन्या प्राविको लागि १ लाख ३० हजार रुपैयाँ छुट्याएको छ।

परिषदले अँधेरी लघु जलविद्युतलाई ३ लाख, महिलाका लागि ५० हजार, स्वास्थ्यमा ५० हजार, दलितलाई १७ हजार र सिद्धकाली खुस्कुम बासालाई १ लाख ३० हजार रुपैयाँ छुट्याएको छ। परिषदमा गत बर्षको आयव्यय पनि प्रस्तुत गरिएको थियो।

***लालबहादुर गुरुङ/नेले गाविस***

शिक्षालाई प्राथमिकता दिदै आइतबार नेले गाविसको २० औ गाउँ परिषद सम्पन्न भएको छ। गाविसको कुल बजेट २० लाख ५० हजारमध्ये जीवन ज्योती उच्च मावि नेलेलाई ५ लाख, सरस्वती प्रावि नेले ९ लाई १ लाख ६० हजार, बुद्ध प्रावि नेले ६ र जनता प्रावि नेले ५ लाई ३०/३० हजार, हिमचुली प्रावि नेले ३ लाई १८ हजार रुपैयाँ बिनियोजन गरिएको छ।

यस्तै परिषदले स्वास्थ्य तर्फ २ लाख २१ हजार, नेले गाविसका विभिन्न बडामा पुल निमार्णका लागी १ लाख, खानेपानी तर्फ २१ हजार र महिला, बालबालिका, दलित, अपाङता भएका व्यक्तिहरुको लागी निर्देसिका बमोजिम नै रकम विनियोजन गरिएको छ। परिषदले पुर्व गाविस सचिव कुमारी आचार्यलाई कामप्रति जिम्मेबार भएको भन्दै १० हजार पुरस्कार प्रदान गर्ने निणर्य पनि गरेको छ।

***तिङला गाविस***

तिङला गाविसको २० औं गाउँपरिषदले कृषि क्षेत्रलाई प्राथामिकता दिएको छ। परिषदले गाविसको कुल बजेट मध्ये चालुतर्फ ४ लाख २० हजार र पुँजीगत तर्फ २२ लाख ५० हजार रुपैयाँ बिनियोजन गरेको गाविस सचिव राजबहादुर रोकायाले जानकारी दिए। परिषदले कृषिका लागि ५ लाख छुट्याएको छ। त्यस्तै बाटो र शिक्षा पनि प्राथमिकतामा परेका छन्। पूँजीगत मध्येबाट ७ लाख ५० हजार रुपैयां लक्षित बर्गका लागि छुट्याइएको छ।

***भोजकुमार अधिकारी/तामाखानी गाविस***

शिक्षातर्फ विशेष जोड दिदै तामाखानी गाविसको २० औं गाऊँ परिषद शुक्रबार गाविस भवनमा सम्पन्न भएको छ। पुँजीगततर्फ १८ लाख ७० हजार रकम विनियोजन भएकोमा शिक्षातर्फ ६ लाख १५ हजार, स्वास्थ्यतर्फ ७६ हजार ५ सय, कृषितर्फ ८५ हजार, खेलकुदतर्फ १५ हजार विनीयोजन गरेको छ।

यस्तै सबै जातिका लागि प्रत्यक्ष फाइदा पुऱ्याउने उद्देश्यले १ लाख ७७ हजार

.... बाँकी पृष्ठ नं. ५

## रेडक्रसले बेपत्ता नागरिकको खोजी गर्ने

*सल्लेरी। सोलु समाचार*

नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय सोलुखुम्बुका सभापति रामकाजी श्रेष्ठले जिल्ला शाखाले बेपत्ता नागरिकको खोजी गर्ने बताएकाछन्। विश्व वेपत्ता नागरिक दिवसको अबसरमा मंगलबार कार्यालयमा आयोजित कार्यक्रममा बोल्दै श्रेष्ठले राष्ट्रिय तथा अन्तराष्ट्रिय रेडक्रस मार्फत बेपत्ताहरुको खोजी गर्ने काम भईरहेकोले जिल्ला शाखाले पनि यो कार्य गर्ने बताए।

सोलुखुम्बु जिल्लाबाट हालसम्म बेपत्ता रहनुभएका रमेश कटेलको खोजी गर्न आफुहरुले सक्दो प्रयास गर्ने सभापति श्रेष्ठले बताए। कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखाका पदाधिकारी तथा अन्य सरोकारबालाहरुको उपस्थिती रहेको थियो। यस्तै नेपाल रेडक्रस सोसाइटी ओखलढुंगाको आयोजनामा ओखलढुंगा सदरमुकाममा मैनबत्ती बालेर मनाइएको छ। रेडक्रस ओखलढुंगाका सभापति मोहन श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रमका सहभागिहरुले बेपत्ता नागरिकको खोज्नमा राज्यले तत्परता देखाउन नसकेको प्रति चिन्ता व्यक्त गरेकाछन्।

## तीजको लहर.......

दीर्घायु, सुस्वास्थ्यको कामना गरी ब्रत बस्ने र अविवाहित महिलाहरु सुयोग्य तथा आदर्श पति प्राप्त गर्ने कामनाका साथ ब्रत वस्ने गर्दछन्। तीजको अबसरमा महिलाहरु बिभिन्न तीर्थस्थल, मन्दिर, तथा देवालयमा गई शिव पार्वतीको पुजा उपासना गरेर तीज सम्बन्धी गीत, भजन र चुटका गाएर यो पर्व मनाउने परम्परा सनातन हिन्दु सँस्कृतिमा रहि आएको छ। तीजको उपलक्ष्यमा गाइने संगिनी गीत नेपाली लोक सँस्कृतिमा अत्याधिक लोकप्रीय छ। यस दिन जल समेत नखाई ब्रत बस्नु पर्ने हुनाले हिजो बिभिन्न परिकार तथा मिष्ठान्नहरु तयार गरी ब्रतालुहरुले दर खाने प्रचलन छ।

तीजको अबसरमा बिभिन्न देवालयहरुमा जम्मा भएर नाच्नुको साथै आजभोली बिभिन्न समूह/संघसस्था/क्लव लगाएतले पनि बिभिन्न कार्यक्रमको आयोजना गरी मनाउने चलन बढ्दै गएको छ। हिन्दु नारिहरुको पर्व भनिएतापनि अरु सबै धर्मका महिलाहरु पनि नाचगानमा समाबेस हुन थालेका छन्। तीजको अबसर पारेर बिभिन्न ठाउँमा आयोजना गरिएका साँस्कृतिक कार्यक्रमहरुमा गैह्र हिन्दुहरुको सहभागीता उल्लेख्य रहेकोबाट यो पर्व धार्मिक सहिष्णुतामा पनि अग्र छ भन्ने बुझिन्छ। कति गैह्र हिन्दुहरुले त नाचगानमा मात्र नभई ब्रत समेत बस्ने गरेका छन्।

तीजको असरमा बिभिन्न स्थानमा बिभिन्न कार्यक्रमहरु भए। कतै प्रतियोगितात्मक कार्यक्रम त कतै रमाईलो र सुभकामना आदानप्रदान। यसैक्रममा योडस्टार क्लव महिला बिभागले पनि सुभकामना आदानप्रदानको साथमा नाचगानको आयोजना गरी तीज वर्प मनायो। त्यहाँ सदरमुकामका महिलाहरुको उल्लेख्य सहभागीता रहको थियो। त्यस्तै तीजको अबसरमा बिपि सस्कृत मावि सल्यान सोलुखुम्बुमा कक्षा ९ र १० मा अध्ययनरत बिद्यार्थीहरुले साँस्कृतिक कार्यक्रमको साथमा भाग्यशाली चिट्ठा कार्यक्रम सम्पन्न गर्नुको साथै स्थानिय महिलाहरुले संगिनि नाच प्रर्दशन र युवा समुहले हास्यब्यङग्य कार्यक्रम प्रस्तुत गरे। उता मित्रता युवा क्लव भकान्जेले तीज गीत प्रतियोगिताको साथमा एसएलसी उत्तिर्ण गर्ने स्थानीय थामि समुदायका बिद्यार्थीहरुलाई सम्मान गऱ्यो। सोताङका बिभिन्न स्थामा पनि महिलाहरुले बिभिन्न कार्यक्रमको आयोजना गरि तीज पर्व मनाए भने संयुक्त महिला समुह वाकु र जयलक्ष्मी महिला सहकारी संस्था वाकुको आयोजनामा म्युजिकल चियर, छात्रादौड प्रतियागीता र घैटौं फुटाउने कार्यक्रम सम्पन्न भएको छ।

यसरी पहिले बिभिन्न महादेवस्थान तथा देवीदेवालयहरुमा जम्मा भएर नाचगान गरी तीज पर्व मनाउने महिलाहरुले पछिल्लो समयमा देवीदवालयमा पुजाआजा पछि सबै जम्मा भएर बिभिन्न कार्यक्रमको आयोजना गर्न थालेका छन्। त्यस्तै यसअघि घरमा श्रीमान् तथा सासुले दिएको पिडाको पोखाउने तीज पर्व अहिले देशको राजनीतिक अबस्थाको चिन्ता गर्ने र दलहरुलाई खबरदारी गर्ने चौतारी समेत बन्दै गएको छ। त्यसैगरी महिलाहरुले आफ्नो अधिकारको लागि आवाज उठाउने अबसर पनि तीज पर्व बन्दै गएको छ। श्रीमान्को लागि निराहार ब्रत बस्ने भन्ने पुरानो कुरालाई समयअनुसार परिमार्जन गर्दै महिला एकतामा यो पर्वलाई रुपान्तरण गर्ने सकेमा तीज पर्वको महत्व अझै बढ्ने देखिन्छ।

## तामाखानी गाविसलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा

सोलुखुम्बुको तामाखानी गाविसलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएको छ। गाविसका सबै घर र सार्वजनिक कार्यालयहरुमा समेत सौचालय निर्माण भएपछि बिहिबार एक समारोहका बीच गाविसलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएको हो। समारोहमा सहभागी हुन घरघरमा चर्पी छ, त्यसमा हामी गर्व गर्छौं। स्वच्छ वातावारण, स्वच्छ जीवन। हाम्रो गाउँ दिसामुक्त, हामी भयौं रोगमुक्त। चर्पी भित्र

.... बाँकी पृष्ठ नं. ७

**दोषविहीन मित्रको खोजीमा हिंडने मानिस सदैब मित्र बिहीन रहन्छ - तुर्की उखान**

## सम्पादकीय

सोलुखुम्बुको चर्चित भ्रष्टचारकाण्डको रुपमा परिचित टिम्बुरबोटे सहिद स्मारक प्रतिष्ठानमा भएको भ्रष्टचारका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन शुरु गरेको छ । अख्तियारको निर्देशन अनुसार यहि हप्ता स्थानीय विकास अधिकारी पुरुषोत्तम नेपालको नेतृत्वमा सर्वपक्षिय, सर्वदलिय टोलीले टिम्बुरबोटे ओढारमा पुगेर त्यहाँ निर्माण भएका भौतिक संरचनाको निरिक्षण गऱ्यो । सो स्थानमा सहिदको सालिक लगाएत अन्य भौतिक संरचना निर्माणका लागि प्रतिष्ठानले नेपाल सरकार अन्तर्गतका बिभिन्न निकायबाट बिभिन्न मितिमा ४२ लाख रुपैयां निकासा गरेको प्रमाण फेला परिसेको छ भने अरु खोजि भईरहेको छ । कामै नगरी शतप्रतिशत रकम सिध्याएको भनेर चिनिने सो काण्डको अख्तियारले छानविन गर्नुलाई पनि सकारात्मक मान्नुपर्छ ।

निरिक्षणका क्रममा टिम्बुरबोटे ओढार र आसपासमा कुनै संरचना नबनेको पाईएको छ । लाखौं रकम ल्याएर काम नगरिएको र मर्मतसुधारका लागि आएको रकमले केही संरचना बनेको कुरा सुन्दा जो कोहीलाई अनौठो लाग्न सक्छ तर टिम्बुरबोटेमा त्यस्तै देखिएको छ । प्रजातन्त्रको लागि लडाई लड्दा ज्यान गुमाएकाहरुको नाम बेचेर ल्याएको

### दोषीलाई कारवाही गर

रकम केही काम नगरि सिध्याउनेलाई हदैसम्मको कारबाही गर्नुपर्ने कुरा अहिले सर्वत्र उठिरहेको छ । यो घटनाको सत्यतथ्य छानविन गरी दोशीउपर तत्काल कारबाही हुनुपर्छ । करिव डेढ दशक अघि नै भएको यस अनियमितताको छानविन चाँडो हुनु पर्छ । बिरोध मात्र गर्नुभन्दा कानुनी रुपमा तथ्य संकलन गरी यो काण्डको छिनोफानो होस भन्ने सोलुबासीले चाहेका छन् ।

जिल्लामा अन्यत्र पनि थुप्रै ठाउँमा भ्रष्टचार भएको होला तर केही काम नगरी करोड बराबरको सबै रकम सिध्याएको यो काण्ड भ्रष्टचारको पराकाष्ट हो । यसमा जो संलग्न भएपनि दोशीलाई कारबाही हुनुपर्छ । अनी यो काण्डलाई उचालेर राजनीतिक फाईदामा उपयोग गर्ने हैन तथ्यगत छानविन गरी यथार्तता बाहिर ल्याउनु पर्छ । बिरोध गर्नेहरुले करोडौंको कुरा गरिरहेका छन् सबै प्रमाण जुटिसकेको छैन । निरिक्षणका क्रममा सोलुखुम्बुका स्थानीय विकास अधिकारीले आरोप लगाइए जस्तै त्यहाँ कुनै संरचना बनाएको नपाइएको र अख्तियारलाई त्यहि प्रतिबेदन पठाउने बताएका छन् यसले पनि दोशीलाई कारबाही गर्न सहयोग पुग्छ । जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिले पनि यसको छानविनमा सहयोग गर्नुपर्छ भने भ्रष्टचारमा नेपाली काँग्रेस सोलुखुम्बुको बढि सम्बन्ध भएकोले उसले छानविनमा सघाउने तथा सरोकारवालालाई घचघचाउने काम गर्नुपर्छ । जिल्लाबासीले सत्य के हो खोजिरहेका छन् ।

सोलु एफएमका लागि
अध्यक्ष बुद्धिनारायण श्रेष्ठद्वारा प्रकाशित
सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका
जि.प्र.का. द.नं. १ (क)/०६३
वर्ष ५, अङ्क २१
२०६८ भाद्र १६ गते शुक्रबार

**सल्लाहकार**
- हरिनारायण राजभण्डारी
- नारायणकुमार श्रेष्ठ

**कानुनी सल्लाहकार**
- राजकुमार श्रेष्ठ

**सम्पादक**
- डिमा पाखिन तामाङ

**सह सम्पादक**
- मनोजकुमार श्रेष्ठ

**सहायक सम्पादक**
- नुतन श्रेष्ठ

**बजार व्यवस्थापक**
- दीपक राजभण्डारी

**मुख्य सम्वाददाता**
- भोजेन्द्र बस्नेत
- सुजता तामाङ

**भाषा सम्पादक**
- लोचनकुमार शर्मा

**काठमाडौं सहयोगी**
- सुदीप शाक्य

***प्रकाशक***
सोलु एफ.एम.

**पत्राचारको लागि ठेगाना :**
सोलु समाचार साप्ताहिक
सल्लेरी - ७, सोलुखुम्बु
फोन/फ्याक्स : ०३८ - ५२०२८१
email : soluweekly@gmail.com
मुद्रण : ज्वालामाई अफसेट प्रेस
सल्लेरी, सोलुखुम्बु

सोलु समाचार साप्ताहिक
नियमित रुपमा प्राप्त गर्न सम्पर्क
सुदिप : ९८४१३८९४१७ (काठमाण्डौ)
उमेश : ९८४२८६८९५१ (सोलुखुम्बु)
०३८ - ५२०२८१

**चौतारी - - -**

# शान्ति मन्त्रालयका १३ दिन



✍ **पम्फा भुसाल**
**पूर्व मन्त्री**

देश राजनैतिक संक्रमणको उत्कर्षमा छ। लामो जोखिमपूर्ण संघर्षपछि स्थापित विद्यमान व्यवस्थामा समेत नेपालमा उत्पीडित र उपेक्षित जनताले आफ्नो अस्तित्व र पहिचानको लागि लड्नु पर्ने बाध्यता छ। समावेशी र समानुपातिक राजनैतिक मुद्दालाई स्थापित गर्ने हेतुले पछिल्लो समयमा हामी मन्त्रिमण्डलमा सामेल भएका थियौं । अग्रगमनको पक्षमा लडेको पार्टीमा समेत यो मुद्दालाई क्रियाशिल गर्न लामो समयसम्म लड्नु पऱ्यो । समानुपातिक र समावेशीको अस्तित्वलाई कार्यान्वयन गर्न र यसलाई राष्ट्रिय मुद्दा बनाउन हामी केही हदसम्म सफल भयौं। यसलाई हामीले राजनैतिक उपलब्धि ठानेका छौ ।

**यसअघि शहिद तथा बेपत्ता नागरिकका परिवारले पाउने भनिएको २ लाखको राहातमा यस पटकवाट थप १ लाख गरी ३ लाख पाउने भएका छन् । सशस्त्र द्वन्द्वका समयमा आमा वावु गुमाएका वालवालिकाहरुका हकमा संरक्षण वापत् मासिक ५ हजार पाउने व्यवस्था छ । त्यसमा आमा वावु मध्ये एक जो गुमाएको भएपनि सो रकम पाउने निर्णय गरिएको छ ।**

गत साउन १७ गते पार्टीको पछिल्लो निर्णय अनुसार सरकारमा गयौं। सपथ ग्रहण गरेकै दिन सम्माननीय प्रधानमन्त्री झलनाथ खनालले १० दिनको समय सिमा तोकेर राजीनामा दिने घोषणा गर्नु भयो। अस्थिर राजनैतिक परिस्थितिलाई थप अस्थिर बनाउन यो अभिव्यक्तिले नकारात्मक भूमिका खेल्यो । मन्त्रालय नपुग्दै काम चलाऊ जस्ता बनिसकेका हामीले मन्त्रालय सम्हालेको तेह्रौं दिन उहाँले राजीनामा दिनुभयो । त्यसपछि स्वतः काम चलाउ भयौ । अस्थिर मानसिकतावाट हुने काम दिर्घकालीन हुन सक्दैनथ्यो, तैपनि मैले मन्त्रालयमा रहेर सकेजति जनता र राष्ट्रको पक्षमा रहेर काम गर्ने कोशिस गरें ।

लामो ससस्त्र संघर्षवाट गुज्रेको नेपालमा शान्ति स्थापना गर्नु निकै जटिल तर प्राथमिक काम हो । योसँगै द्वन्द्वका कारण भग्नावशेष रहेका भौतिक संरचनाहरुको पुनर्निर्माण गरेर द्वन्द्वका आला घाउहरुलाई पुर्नु पनि अत्यावश्यक थियो । यसको अगुवाइ स्वतः शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गर्नुपर्ने हुन्छ। तर यसको भुमिकाप्रति सरकारमा रहेकाहरुवाटै उदासिनता र उपेक्षाभाव राखेको मन्त्रालयको जिम्मेवारी सम्हालेपछि महसुस गरेँ । यस मन्त्रालयमा दिएको बजेटको मात्रा, त्यसलाई खर्च गर्न समेत मन्त्रालयको स्वयत्तता नभएको देखिनुले पीडावोध पनि भयो । यद्यपि ती सिमाभित्र रहेर छोटै अवधिमा केही नीतिगत र केही व्यवहारिक कामहरु गरिएको छ। जसलाई आम जनताको बीचमा बाँड्न चाहन्छु ।

यसअघि सहिद तथा बेपत्ता नागरिकका परिवारले पाउने भनिएको २ लाखको राहातमा यस पटकवाट थप १ लाख गरी ३ लाख पाउने भएका छन् । हाम्रो यस निर्णयवाट महान् शहिद र वेपत्ता परिवारलाई थोरै भएपनि राहात पुग्ने विश्वास छ । सशस्त्र द्वन्द्वका समयमा आमा वावु गुमाएका वालवालिकाहरुका हकमा संरक्षण वापत् मासिक ५ हजार पाउने व्यवस्था छ । त्यसमा आमा वावु मध्ये एक जो गुमाएको भएपनि सो रकम पाउने निर्णय गरिएको छ। यस निर्णयबाट अभिभावक गुमाएका ती भविष्यका कर्णधारहरुले राज्यवाट अलिकति भएपनि राहात पाएको अनुभव गर्नेछन्।

अति द्वन्द्वग्रस्त क्षेत्र मध्यपश्चिमाञ्चल र सुधुर पश्चिमाञ्चलका २४ जिल्लालाई केन्द्र विन्दुमा राखेर शहिद

.... *बाँकी पृष्ठ नं. ७*

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# कृषिमा थुप्रै सम्भावना छन खोजी गरिनुपर्छ

**लईन्द्रकुमार राई**
**अध्यक्ष**
**हिमालयन कृषि सहकारी संस्था लि**

**लईन्द्रकुमार राई,** हिमालयन कृषि सहकारी संस्था सोलुखुम्बुका अध्यक्ष हुन् । कृषिको प्रबर्दनबाट गाउँलेको जिविकापार्जन सुधार गर्न सकिने विस्वास राख्ने राई कृषिलाई व्यवस्थित गर्न सके थुप्रै अबसर आउँछन् भनेर गाउँ फर्केका हुन् । प्रस्तुत छ कृषिको प्रबर्दनको लागि सबै मिलेर काम गरेका यसको भविश्य सुनौलो रहेका बताउने राईसँग सोलुसमाचार साप्ताहिकका लागि नुतन श्रेष्ठले गरेको कुराकानीको मुख्य अँश ।

**जिल्लामा कृषि सहकारी संस्थाको स्थापना र सञ्चालनको सोच कसरी आयो ?**

हाम्रो देश नै कृषि प्रधान देश हो । लगभग ६८ प्रतिशत जनताहरु अझै कृषिमा आधारित छन । कुल गाहर्स्थ उत्पादनको ३५ प्रतिशत कृषिले ओगटेको छ । त्यसैले कृषिलाई पन्छाएर अरु तर्फबाट देशको आर्थिक विकास जिल्लाको पनि आर्थिक विकास गर्न अलि असम्भव जस्तै लाग्छ । त्यसले कृषि नै रोज्नुको मुख्य कारण चाही कृषि हाम्रो मुख्य पेशा हो । हाम्रो देशको आर्थिक मेरुदण्ड नै कृषि भएको कारणले नै कृषिलाई रोज्न पुगिएको हो । हुन त आर्थिक विकासका अन्य फाँटहरु पनि छन, जस्तै पर्यटन पनि प्रमुख एउटा आर्थिक विकासको मेरुदण्ड नै हो । तथापि हाम्रा जनताहरु अधिकाशं कृषिमा नै आधारित रहेकाले कृषि सहकारी संस्थाको स्थापना र सञ्चालनको सोच आएको हो ।

**कृषि क्षेत्रको राम्रो अध्ययनले नै जिल्लामा कृषि क्षेत्रको सम्भावना देख्नुभएको हो ?**

म अर्थशास्त्रको विद्यार्थी, त्यसले आर्थिक क्रियाकलापमा कुन क्षेत्रबाट बढी उत्पादन हासिल गर्न सकिन्छ भन्ने कुरा थोरबहुमत मैले अध्ययन गरेको छु । त्यसमाथि कृषि क्षेत्र देशको आर्थिक मेरुदण्ड भएरकाले कृषि क्षेत्रलाई पन्छाएर हामीले बास्तवमा केही गर्न सक्दैनौं । पर्यटन कै कुरा गर्ने हो भने अहिले ग्रामिण पर्यटनको

> **म अर्थशास्त्रको विद्यार्थी, त्यसले आर्थिक क्रियाकलापमा कुन क्षेत्रबाट बढी उत्पादन हासिल गर्न सकिन्छ भन्ने कुरा थोरबहुमत मैले अध्ययन गरेको छु । त्यसमाथि कृषि क्षेत्र देशको आर्थिक मेरुदण्ड भएरकाले कृषि क्षेत्रलाई पन्छाएर हामीले बास्तवमा केही गर्न सक्दैनौं ।**

अबधारणा आएको छ । अब ग्रामिण पर्यटनलाई हामीले कसरी आकर्षित गर्न सक्छौ त भन्दा ग्रामिण क्षेत्रका जनताहरु कृषिमा नै आधारित छन । अब कृषिमा विशेष प्रकारको पाईला नचालीकन खासगरी कृषिमा अर्गानिक खेती प्रद्धति अर्थात जैविक खेती प्रद्धति त्यसपछि अन्य कुराहरु जस्तै अहिले अन्नबालीलाई मात्र ध्यान नदिएर हामीले केही नगदे बालीलाई जोड दिईरहेका छौ । यसरी नगदे बालीहरुलाई जोड दिदाखेरि केही फलफुलहरु पर्न आउछन, अन्य नगदेबालीहरु पर्न आउछन, यी त्यस्ता कुराहरुले पनि पर्यटकहरुलाई आकर्षण गर्न सक्छ । त्यसैले पनि कृषि क्षेत्रमा केही गर्नुपर्छ भन्ने पहिलेदेखि नै मेरो सोच चाँही हो ।

**जिल्लाका कृषकहरु अझै व्यवसायिक बन्न सकेका छैनन्, व्यवसायिक बनाउने प्रयास पनि गरिएको छैन । उनीहरुमा के सम्भावना देख्नुहुन्छ तपाईले ?**

बास्तवमा राज्यको नै कमजोरी हो । कृषि पेशालाई पेशाको रुपमा स्थापीत गर्न सकेको छैन । त्यसैले कृषि पेशा छोडेर कृषकहरु पनि अन्य।अन्य पेशामा लागिरहेका छन । कतिपय जागिरमुखी भएर आफ्नो जग्गापातलाई त्यत्तिकै अनुत्पादक नै राखेर जागिरे जिवन बिताईरहेका छन । यो हुनुको पछाडि के हो त भन्दा राज्यको पनि यसमा नीति निमार्णमा कमजोरी भएको देखिन्छ । हुन त राज्यले कृषि क्षेत्रलाई धेरै नै ठुलो बजेट पनि छुट्टाईरहेको छ, ठुलो अनुदान पनि दिईरहेको छ तथापी अब राज्यले राष्ट्रमा नै यो कृषिलाई त्यति ध्यान नदिएको, यसलाई एउटा पेशाको रुपमा स्थापित गर्न र अहिलेको अबस्थामा आधुनिक र बैज्ञानिक कृषि प्रद्धतिलाई अपनाएको जस्तो लाग्दैन । त्यसैले यो जिल्ला पनि अछुतो त रहन सकेन । तर यो जिल्ला सम्भावनाको दृष्टिले निकै महत्वपुर्ण देखिन्छ ।

**सम्भावनाको खानी यस जिल्लालाई कृषि क्षेत्रमा अगाडि बढाउने तपाईको के योजना छ ?**

हाम्रो उद्देश्य भनेको कृषकहरुलाई नै अहिलेको कृषि प्रद्धति जो चलिहरेको छ, अपनाईहेका छन जनताहरुले त्यो प्रद्धतिलाई केही परिवर्तन गर्नु नै हो । यो सहकारीको माध्यमबाट हामीले सबै जनतालाई त अहिले भन्न सक्दैनौ । तर जो सहकारीभित्र आवद्ध सदस्यहरु हुनुहुन्छ, ति सदस्यहरु मार्फत हामी पहिलो चरणमा काम थालनी गर्छौं । अब सबै जनताले यो सहकारी मार्फत नै आफ्नो कृषि पेशालाई परिवर्तन गर्छन, गर्न खोज्छन भन्ने मलाई लाग्दैन । किनभने मान्छेहरुको एउटा चाहना नै के छ भने परिवर्तन हुन चाहेतापनि त्यो परिवर्तन हुनको निम्ती छिटो निणर्य नगर्ने । हुन त समय परिवर्तनशील छ । यो समय अनुकुल तपाईहामी सबै परिवर्तन हुन जरुरी छ । यस्तो अबस्थामा हामीले

> **नगदे बालीहरुलाई जोड दिदाखेरि केही फलफुलहरु पर्न आउछन, अन्य नगदेबालीहरु पर्न आउछन, यी त्यस्ता कुराहरुले पनि पर्यटकहरुलाई आकर्षण गर्न सक्छ ।**

यो कृषि पेशालाई पनि परिवर्तन नगरी सुखै छैन । त्यसैले सहकारीको माध्यमबाट धेरै भन्दा धेरै जनतालाई सहकारीको सदस्यता, सेयर बनाएर उनीहरुलाई अहिले कृषिमा उनीहरुको काम गर्ने शैली,उत्पादन गर्ने प्रद्धति छ । त्यो पद्धतिलाई केही परिवर्तन गर्ने लक्ष्य लिएको छ यो संस्थाले । तर सबै काम एकैचोटि गर्न सम्भव छैन, विस्तारै यो काम अघि बढ्छ ।

**आधुनिकीकरण भनेर के लाई बुझ्ने ?**

आधुनिकिकरण भनेको नै नया खेती प्रद्धति हो । खेती गर्ने पद्धति पनि एउटा महत्वपुर्ण कुरा हुन्छ । त्यसमाथि विउविजनको छनौट प्रद्धति उन्नत खालका विजविजनहरुको प्रयोग गर्ने, मल प्रयोग विधि जसबाट बढी उत्पादन पनि हुन्छ । उत्पादन लिने बढी उत्पादन हुने वितिकै कृषकहरुले बढी फाईदा लिन्छन ।

**कृषि क्षेत्रमा युवावर्गहरु सहभागीता अत्यन्तै न्यन छ । उनीहरुलाई कसरी समेट्ने ?**

युवा शक्ति भनेको देश विकास गर्ने एउटा खम्बाहरु हुन । यसरी देश विकास गर्ने खम्वाहरु खासगरी आर्थिक क्रियाकलापमा सक्रिय भुमिका निबार्ह गर्ने युवाहरु यसरी बैदेसिक रोजगारीमा जानु अत्यन्तै दुख लाग्दो कुरा हो । तर अहिलेको अबस्थामा उनीहरु बैदेसिक रोजगारमा नगईकन सुखै छैन । किन भने उनीहरुको दैनिक दिनचर्याको लागी आबश्यक पर्ने श्रोत नै नभईसकेपछि ति श्रोतहरु जुटाउनका निम्ती

> **बैदेशिक रोजगारमा जानु नराम्रो कुरा चाँही होईन । त्यहा गएर त्यहाको प्रविधिहरुलाई सिकेर यहा ल्याउनु र यहा प्रयोग गर्नु उपयुक्त हुन्छ ।**

पनि उनीहरु विदेशीएका छन । तर विदेशमा मात्र पैसा छ भन्ने हाम्रो मानसीकतालाई अब विस्तारै तोड्दै जानुपर्छ । विदेशमा रोजगारी गर्न जाने युवाहरुले त्यहा सिकेका केही नया प्रवृद्धिहरु पनि भित्राईरहेका छन । ति प्रवृद्धिलाई प्रयोग गरेर उनीहरुले देशलाई गाउलाई परिवर्तन गरिरहेका पनि छन्, गर्न खोजिरहेका छन । त्यसैले बैदेशिक रोजगारमा जानु नराम्रो कुरा चाँही होईन । त्यहा गएर त्यहाको प्रविधिहरुलाई सिकेर यहा ल्याउनु र यहा प्रयोग गर्नु उपयुक्त हुन्छ । तर हाम्रो देशका जनताहरु जो युवा शक्तिहरु छन । ति युवा शक्तिहरु कस्ता रुपमा विदेशी रहेका छन भने कच्चा रुपमा विदेशीएका छन्, अदक्ष छन । ति अदक्ष कामदारहरुले त्यहा गएर कस्ता काम गर्छन भन्दा निकृष्ट किसिमका काम गर्छन । यहा नै दक्ष भएर विदेशीएका भए त्यहा उनीहरुले केही सीपहरु सिक्थे तर अहिलेको अबस्थामा जो विदेश गईरहेका युवा शक्तिहरु छन । उनीहरु अदक्ष भएका कारणले गर्दा ति अदक्ष कामदारले भने जति प्रविधिहरु देशमा भित्राउन सकेका छैनन । त्यसैले हाम्रो यो सहकारी मार्फत विदेशी रहेका युवा शक्तिलाई स्वदेशमा नै सीप सिकाउने काम गर्ने छौ ।

# सस्तो कार रोजे भट्टराईले ट्याक्सीमा गए बिष्ट

महंगा महंगा गाडी चढ्ने विगतका प्रधानमन्त्री तथा मन्त्री एवं उच्च सरकारी अधिकारीहरुलाई चुनौति दिँदै प्रधानमन्त्री बाबुराम भट्टराईले मुस्ताङ गाडी चढेकाछन्। बिदेशवाट पार्टपूर्जा आयात गरी नेपालमा नै बनाइएको पहिलो गाडी मुस्ताङ जिप चढ्ने प्रधानमन्त्रीको निर्णयले सबैलाई दबाब सिर्जना गरेको छ। सस्तो लोकप्रीयताको लागि प्रधानमन्त्रीले यस्तो गरेको समेत कतिपयले टिप्पणी गरेकाछन्। यो गाडीको मुल्य सुविधा अनुसार १४ देखि २० लाखसम्म पर्ने बताइएको छ।

खनाल सरकारमा राम्रो काम गरेको भनेर चर्चा गरिएका निवर्तमान उजामन्त्री गोकर्ण बिष्ट ट्याक्सी चढेर सिंहदरबारवाट विदा भएकाछन्। उर्जा मन्त्रालयले सोमबार गरेको विदाई कार्यक्रममा सहभागी भई फर्कने क्रममा बिष्टले मन्त्रालयको गाडी छाडेर ट्याक्सी चढेर विदा भएका हुन्। मन्त्री पदवाट हटे पछि गाडी नलिई मन्त्रालयबाट विदा हुने बिष्ट पहिलो मन्त्री समेत बनेकाछन्। १५ दिनसम्म गाडी राख्न पाउने कानुनी प्रावधान भए पनि बिष्टले आफूलाई घरसम्म पुऱ्याउन सुरक्षा गार्ड तथा कर्मचारीसमेतलाई दुख दिएनन्। मन्त्रायलवाट विदा हुने क्रममा सिंहदरबारको गेटसम्म बिष्ट हिडेर गएका थिए। खनाल सरकारमा उर्जा मन्त्री रहँदा नेपालको उर्जा क्षेत्रमा लोकप्रीय र दुरगामी प्रभाव पर्ने निर्णय गरेको र काम गर्ने प्रयास गरेको भन्दै बिष्टको धेरैले तारिफ गर्ने गरेकाछन्।

## भट्टराई बने ३५ औं.....

समर्थन गरेका थिए भने पौडेललाई नेकपा एमाले, राप्रपा, माले, राजपाले समर्थन गरेको थियो। प्रधानमन्त्रीमा निर्वाचित भएलगत्तै भट्टराईले शान्ति र संविधान र जनतालाई राहत आफ्नो पहिलो प्राथमिकतामा रहेको बताए। आफ्नो नेतृत्वको सरकारलाई राष्ट्रिय सहमतिको सरकारको स्वरुप दिन प्रयास गर्ने समेत भट्टराईले बताए। गोरखा जिल्लाको खोप्लाङ ४ बेलबासमा जन्मेका भट्टराई लोकतान्त्रिक गणतन्त्र नेपालको चौथो प्रधानमन्त्रीका रुपमा सिंहदरबार छिरेकाछन्। यसअघि माओवादीकै पुष्पकमल दाहाल नौ महिना, एमाले नेता माधवकुमरा नेपाल एक बर्ष आठ महिना र एमालेकै झलनाथ खनालले सात महिना प्रधानमन्त्री भनेर बहुमतको सरकार सञ्चालन गरेका थिए।

## बाबुराम भट्टराई

● गोरखा जिल्लाको खोप्लाङ गाविस बेलबासमा २०११ असार गते जन्म ● बाबु भोजप्रसाद र आमा धर्मकुमारीको दोश्रो सन्तान ● प्राथमिक शिक्षादेखि विद्यावारिधिसम्म प्रथम (गोरखाको अमरज्योति माविवाट सन् १०७० मा एसएलस्मा बोर्ड फष्ट, अमृत साइन्स कलेजवाट आइएस्सी उत्तीर्ण ● भारतको जवाहरलाल नेहरु विश्व विद्यालयवाट सन् १९८६ मा विद्यावारिधि● सन् १९८० मा नयाँ दिल्लीमा तत्कालीन राजा वीरेन्द्रलाई कालो झण्डा देखाएको आरोपमा पक्राउ ● २०३७ सालमा कम्युनिष्ट पार्टीको सदस्यता ग्रहण ● २०४६ सालको जनआन्दोलनको बेला संयुक्त राष्ट्रिय जनआन्दोलनका प्रवक्ता र संयुक्त जनमोर्चा नेपालका अध्यक्ष ● सशस्त्र द्वन्द्वका बेला २०५२ सालदेखि २०६३ सालसम्म भुमिगत ● संविधान सभा निर्वाचनमा गोरखा २ वाट ४६ हजार २ सय ७२ मत ल्याएर विजयी ● "राजनीतिक अर्थशास्त्रको आँखीझ्याल" शिर्षकको चर्चित पुस्तकका लेखक

# समाचार संक्षेप

### राष्ट्रिय

● माओवादी नेतासँग बाँकी रहेका लडाकुलाई शनिबार शिविर फर्काइएको छ। गंगबु स्थित बाँनियाटारमा माओवादी उपाध्यक्ष मोहन बैद्यले आफ्नै निवासमा एक कार्यक्रमकाबीच लडाकुको बिदाई गरेका हुन्।

● व्यवस्थापिका संसदले शान्ति प्रकृया र संविधान निर्माणको अनुगमन गर्न समिति गठन गर्ने भएको छ। ५ बुँदे सहमति अनुगमन समितिको मंगलबारको अन्तिम बैठकमा सहभागिहरुले यो समितिको म्याद सकिएकाले शान्ति प्रकृया र संविधान निर्माणको अनुगमन गर्न संसदबाटै समिति गठन गरिनु पर्ने माग गरेका हुन्।

● एकीकृत नेकपा माओवादी स्थायी समिति सदस्य टोपबहादुर रायमाझीले डेढ महिनापछि नेपाली काङ्ग्रेस र नेकपा एमाले सरकारमा आउने दाबी गरेकाछन्।

● नेपाली काङ्ग्रेसका नेतृ सुजाता कोइरालाले माओवादीले सरकार बनाउनुअघि प्रस्ताव गरेझैं डेढ महिनाभित्र सरकारलाई हतियार बुझाए काङ्ग्रेस पनि यो सरकारमा सहभागी हुने बताएकीछन्।

## पञ्चदान पर्व धुमधाम संग मनाईयो

बौद्ध दर्शनमा पवित्र मानिएको दानको महत्व दर्शाउने पञ्चदान पर्व भदौ १० गते शनिबार भक्तपुरमा धुमधामसँग मनाइएको छ। प्रत्येक वर्ष भाद्र कृष्ण त्रयोदशीको दिन मनाइने यस पर्वमा बौद्धमार्गी नेवारहरुले स्थानीय विहार, चोक र घरघरमा दानशाला बनाई अन्न, फलफुल र दक्षिणा दान गरे।

नेवार समुदायमा, बुद्ध धर्मका अनुयायी बज्रचार्य, बुद्धाचार्य र शाक्य लगायत्ले यो पर्व मानउने गर्दछन्। यस दिन बौद्धका साथै अन्य धर्म, जाति, भाषा र सम्प्रदायका व्यक्तिले पनि क्षमताअनुसार दान गर्ने गर्छन्। यस अवसरमा, शनिवार भक्तपुरका पाँच बटा महाविहारमा रहेका दिपंकर बुद्धहरुलाई नगर परिकम गराइएको थियो।

## धमाधम गाबिस......

जेष्ठ नागरिक, जनजाति, दलित, अपाङ्गताको कार्यक्रम सञ्चालनका लागि २ लाख ६० हजार तथा प्रशासनिक खर्च तर्फ ४ लाख गरी २२ लाख ७० हजारको पारित गरेको छ।

गाविस सचिव चक्र बहादुर बस्नेतको सभापतित्वमा सम्पन्न सो परिषदमा विभिन्न पार्टी प्रतिनीधि, शिक्षक एवं भद्रभलादमीको समेत उपस्थिती रहेको थियो।

### *पञ्चन गाविस*

सडक र शिक्षालाई जोड दिदै पञ्चन गाविसको २० औं गाउँ परिषद शुक्रबार सम्पन्न भएको छ। गाविसको कुल बजेट २० लाख ८० हजार रकम मध्ये परिषदले पुजीगततर्फ १६ लाख ७७ हजार रुपैया विनियोजन गरेको छ। गाविस सचिव मोहनलाल मेहताको सभापतित्व तथा कालिका उच्च माविका प्रध्यानाध्यापक लाल प्रसाद बास्तोलाको प्रमुख अतिथ्यमा सम्पन्न भएको हो।

### *चतुरमान तामाङ/देउसा गाविस*

देउसा गाविसको २० औ गाउँ परिषदले कुल २५ लाख ६६ हजार वजेट मध्ये २१ लाख ४६ हजार रुपैया विकासतर्फ विनियोजन गरेको छ। परिषद गाविस सचिव मीन बहादुर विकको सभापतित्व तथा देउसा मावि देउसाको पधानाध्यापक रुद्रबहादुर केसीको प्रमुख आतिथ्य सम्पन्न भएको हो।

### स्थानीय

● फुरी माया तामाङको अध्यक्षतामा चागेस्थान उच्च मावि, प्रदीपकुमरा मगर र शंख कार्कीको अध्यक्षतामा महेन्द्रोद्वय उच्च मावि र मावि इकाई, बालकुमार खड्काको अध्यक्षतामा विपी संस्कृत विद्यापिठमा नेविसघं ईकाई कमिटी गठन गरिएको छ।

● शर्मिला थापामगरको अध्यक्षतामा जनप्रिय मावि टाप्टिङ, सोनाम शेर्पाको अध्यक्षतामा जनकल्याण उच्च मावि जुबु, दुर्ज कुलुङको अध्यक्षतामा छेस्काम मावि, दिनेश खत्रीको अध्यक्षतामा जीवन ज्योति उच्च मावि नेले, सोनाम तामाङको अध्यक्षतामा बालेश्वर मावि केरुङ र बिनोद बनको अध्यक्षतामा हिमालय मावि लुहारेमा अखिल क्रान्तिकारीको इकाई कमिटी गठन गरिएको छ।

● आगलागी हुँदा मुक्ली ३ का भिमबहादुर राईको जलेर नष्ट भएको छ।

● गोली ५ बाट चौलाखर्क जोड्ने कोरेसी खण्ड अन्तर्गत बाटोको बिभिन्न स्थानमा पहिरो गएपछि आवातजावातमा समस्या भएको छ।

● पाबैका सन्चमान खालिङ भालुको आक्रमणबाट घाईते भएकाछन्।

● ग्यामडाडा सामुदायिक बन उपभोक्ता समुह लुराले बन गस्तीको क्रममा काचोकाट काट्दै गरेको अबस्थामा दोर्जी शेर्पालाई पक्राउ गरेको छ।

● नेपाल विद्यार्थी सघंले उच्च मावि समन्वय समितीको तेश्रो जिल्ला अधिवेशन भाद्र २४ गते सल्लेरीमा गर्ने निर्णय गरेको छ।

● सल्लेरी ५ बसन्त बजार क्षेत्रमा रहेको फोहोर जलाउने ईन्सिनेटर वरीपरी फोहोर भएकोले बसन्तबजार व्यवस्थापन समितिले सरफाई गरेको छ।

● जुनियर रेडक्रस सर्कल गार्मा माविको आयोजनामा प्राथामिक उपचार सम्बन्धी १ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

● छिमेकी बचत तथा ऋण सहकारी संस्था पावैले हुलु मावि पावैबाट २०६७ सालको एस एस सी परिक्षा उत्तिर्ण गर्न सफल ५ जना छात्र छात्राहरुलाई ५ कित्ता शेयर निशुल्क प्रदान गर्नको साथै प्रंशसा पत्रद्वारा सम्मान गरेको छ।

● नेचा सामुदायिक अस्पतालको दोस्रो साधारण सभाले २३ लाख ३६ हजार ८ सय ७३ रुपैयाँको आय व्यय अनुमोदन गर्दै आगामी बर्षका लागि ५० लाख बराबर को अनुमानित बजेट पारित गरेको छ। अस्पताल व्यवस्थापन समितिका अध्यक्ष भिम किराँतको अध्यक्षतामा शुक्रबार नेचामा भएको सभामा उपस्थित सदस्यहरुले सो अस्पतालमा एक्सरे सेवा सञ्चालनमा जोड दिएका थिए।

● सगरमाथा मावि बाँकुमा विद्यालय सुधार कार्यक्रम अर्न्तगत दुई दिने अभिमुखिकरण गोष्ठी शुक्रबार सम्पन्न भएको छ।

● चन्द्रज्योती माबी भकान्जेका बिद्यार्थीहरुले बिद्यालयबाट अन्यत्र काजमा गएका शिक्षिकालाई फिर्ता बोलाउन १० दिनको अल्टिमेटम दिएका छन्।

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

## गजल



**बिन्दा रेग्मी मगर**
**तामाखानी ६, सोलुखुम्बु**

आज पनि हिजो जस्तै डुब्न लाग्यो घाम
कहिले पाउला जनताले नयाँ संविधान

हत्या हिंसा बढ्दै जाँदा, मेची काली रोइरहेछ
कर्णालीको झुपडीमा टुटी सक्यो माम

तराईका आवाजहरु, पहाडमै बिलाई दिँदा
तिखो पार्ने बेला भयो नेताजीले कान

सत्ताको त्यो लुच्छाचुँडी, बादरले फुल पाए जस्तै
आफू आफै मपाई बनी कुर्सी तानातान

यतिका दिन गइसके, मेसोमेलो आएको छैन
दिन बित्यो एक अर्कामा गर्दै हानाहान

नझुकयाउ भो धेरै-धेरै, आँखा खुल्ला एक दिन
पच्ने छैन जनतालाई तिम्रो फुस्रो शान

NEPAL TOURISM YEAR 2011

# मिस नेपालको ताज मलिनालाई

१८ प्रतिस्पर्धीलाई पछि पार्दै धरानकी मलिना जोशी यस बर्षको मिस नेपाल बन्न सफल भएकी छन् । मंगलबार राजधानीमा आयोजित कार्यक्रममा २३ बर्षिया मलिनाको शिरमा पूर्व मिस नेपाल सदिक्षा श्रेष्ठले मिस नेपालको ताज पहिराइ दिइन् । ताजसँगै मलिनाले ५० हजार नगद समेत हात पारिन् ।



एमबीए विद्यार्थी मलिना तीन बर्षदेखि काठमाण्डौमा बस्दै आएकी थिइन् । मलिनाले आगामी मिस वर्ल्ड प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्नेछिन् । नृत्य, संगीत र मोडलिङमा रुचि राख्ने मलिनालाई प्रमुख निर्णायक यशोबर्द्धन प्रधानले सोधेको "यदि महिलाले मात्र यो विश्वमा राज्य गर्ने अवसर पाए भने सन् २०५० सम्मा विश्वको स्वरुप कस्तो हुन्थ्यो होला ?" भन्ने प्रश्नमा "महिलाहरुले मात्र अवसर पाए भने होइन, शासन नै गर्न थालिसके" भन्ने जवाफ दिँदै आफूले पनि त्यसको प्रतिनिधित्व गर्ने बताएकी थिइन् ।

मिस नेपालमा यस पटक अनुपमा औरा गुरुङ फष्ट रनरअप र सरिना मास्केले सेकेण्ड रनरअप भइन् । यस्तै यसै बर्षदेखि थपिएको थर्ड र फोर्थ रनरअपमा क्रमशः मनिषा बिष्ट र नेहा पौडेल चुनिए । त्यस्तै मिस ब्युटी हेयरको उपाधि अनुपमा गुरुङ, मिस फोटोजेनिक मनिाष बिष्ट, मिस ब्युटिफल स्माईल प्रतिभा श्रेष्ठले जितिन् । मिस पर्सनालिटी नम्रता दाहाल, मिस ब्युटिफुल कम्लेक्सन नीता योगी, मिस ट्यालेन्ट बिष्णु चेम्जोङ र मिस पपुलर नेहा पौडेल भएकी छन् ।

## सोलुखुम्बुको सडक .....

उभिएर हेर्दा विगतका सबै रकम बालुवामा पानी खन्याए जस्तै भएको छ सहजै अनुभव गर्न सकिन्छ । अहिले सडकको नाम(निसाना केही देखिँदैन । तत्काल अन्यत्रबाट बिकल्पसमेत तयार भईसकेको छैन । त्यसैले सदरमुकामसम्म यातायात सञ्चालन हुने कुरा यतिखेर चिन्ताको बिषय बनेको छ ।

सिस्नेरी पहिरो अहिलेमात्रै समस्या बनेको हैन । २०६६ सालमा सदरमुकामलाई सडक यातायातले जोड्नका लागि यहि पहिरो बाधक बन्यो । जसरी भएपनि सदरमुकाममा सडक जोड्नको लागि २०६६ साल असार ३१ गते वा मसान्तका दिन कच्ची टूयाक बनाएर जसोतसो दुईवटा मिनीटूकलाई पहिरो पार गराइएको थियो । त्यसको भोलिपल्ट गएको पहिरोले अस्थायी टूयाक बगाईदिएपछि एक रात पछि नै जोडिएको सडक यातायात तोडियो । त्यसपछि निकै प्रयास गरेर २०६६ साल मंसिर १८ गते फेरि त्यहाँबाट यातायातका साधन चलाउन थालियो । त्यसबीचमा त्यहाँ थुप्रै काम भए । प्राबिधिकहरुका अनुसार त्यसबेला पहिरो रोकथामका लागि हरसम्भव प्रयास गरिएको थियो । जसको कारण २०६७ सालको बर्षायाममा त्यति समस्या आएन । सामान्य पहिरोको मर्मत गरेर २०६७ सालको हिउँदको शुरुवात्देखि नै त्यहाँबाट यातायातका साधन चलिरहे ।

यातायातले विकास निर्माण वा जीविकोपार्जन सुधारमा धेरै अन्तर ल्याउँछ । त्यो सहजता सल्लेरीबासी लगायत् जिल्लाका अधिकांश बासिन्दाका लागि भयो । सल्लरीबाटै सडक यातायात मार्फत् काठमाण्डौं वा तराईका जिल्ला जाने अवसर धेरैलाई मिल्यो, ओखलढुङ्गामा टूकमा लगाइएको सामान सिधै सल्लेरीमा झार्न पाउँदा सामानको ढुवानी केही सस्तो भयो । सडकको पहुँचका कारण जीविकोपार्जन सहज बन्ने लक्षण देखिएकोमा त्यो लक्षणको कलिलो मुनालाई अहिले सिस्नेरी पहिरोले लछारपछार गर्दै सोलुखोलामा मिसाईरहेको छ । आगामी दिनमा कहिल्यै पनि त्यो भिरबाट यातायातका साधन चल्न नदिने ढिपी सिस्नेरी पहिरोले लिईरहेको भान त्यहाँ पुग्ने जो कसैलाई हुन्छ । सडक यातायात सञ्चालन हुँदाभन्दा अहिले सल्लेरीबासीले एक केजी सामानमा ७ रुपैंया महँगो ढुवानी भाडा तिर्नुपरेको छ ।

### विकल्पको खोजी

पहिरो रोकिएपछि प्राबिधिकहरुले त्यहाँबाट यातयातका साधन चलाउने सम्भावना देखेपनि सामान्य व्यक्तिले सिस्नेरी पहिरोमा पुगेर हेर्दा अब त्यहाँबाट यातायात सञ्चालन हुन्छ भनेर सोच्न पनि सक्दैनन् । साढे ३ करोडभन्दा बढी रकम त नास भईसक्यो । त्यहाँ थप लगानी गर्नु मुर्खता हो । त्यसको बिकल्प खोजी गर्नु नै उत्तम हुन्छ । पहिरो हेरेपछि एकिकृत नेकपा माओवादीका सहईन्चार्ज गोम्बु शेर्पा (कर्ज्याङ), नेपाली कांग्रेसका सभापति आङ गेलु शेर्पा, नेकपा एमालेका अध्यक्ष आङ डिमा लामा र राप्रपा उपाध्यक्ष भिम राईको एउटै भनाई थियो "अब यो पहिरोको बिकल्प खोज्नैपर्छ ।" पहिरो अवलोकनका क्रममा सँगैरहेका स्थानीय विकास अधिकारी पुरुषोत्तम नेपालले पनि सदरमुकाम सल्लेरीमा यातायात सञ्चालनको लागि सिस्नेरी भिरको विकल्प खोज्नैपर्ने बताए । स्थानीय विकास अधिकारी र सर्वदलिय टोलीले पहिरोको अबलोकन गरेर त्यहाँबाट यातायात सञ्चालन गर्ने सम्भावना सकिँदै गएको अनुमान् लगाउनुले अब चाँडै त्यसको बिकल्प खोजी गरी सडक खन्ने काम हुन्छ भन्ने आशा गर्न सकिन्छ । त्यसको बिकल्पहरु थुप्रै हुन सक्छन् । तिङलाबाट सोलुखोला तारेर गार्मा ( नेले सडकमा जोड्ने, बेलीडाँडाबाट तल झारेर साल्मेको अहिलेकै पुलमा पुऱ्याउने वा केरुङसम्म खनिएको सडकलाई विस्तार गरेर गार्माको भित्ताखर्कहुँदै सल्लेरी ५ रोसीवाट तामाखानी(चौलाखर्क(बाम्ती सडकमा जोड्ने । यी बाहेक अरु विकल्प पनि हुन सक्छन् । तत्कालै बिकल्पहरुको खोजी गरेर सदरमुकामलाई सडक यातायातले जोड्नैपर्छ ।

### सिस्नेरीबाट सिक्नुपर्ने पाठ

जिल्ला विकास समिति सोलुखुम्बुका पूर्व सभापति एवं नेकपा एमालेका अध्यक्ष आङ डिमा लामाले पहिरोको अबलोकनपछि भने "म जिल्ला विकास समिति सोलुखुम्बुको सभापति हुँदा यो बाटोको सर्भे भएको हो । त्यत्तिबेला मैले स्थलगत अबलोकन पछि यो भिरबाट सडक खन्दा समस्या देखिने ठहर गरी यसको बिकल्प खोजौं भन्दा सडक सर्भे गर्ने प्राबिधिकले कुनै समस्या नआउने भनेर जिद्दी गरे, त्यसैले अहिले सोलुबासीलाई पिरोलिरहेको छ ।" विकासका काममा लापरबाही गर्ने प्राबिधिकमाथि उनले आक्रोश पनि पोखे । लामाका अनुसार प्राबिधिक अनुमान गलत भएकै कारण अहिले सिस्नेरी भिर समस्या बनेको हो । जसको कारण भएपनि सिस्नेरीमा समस्या आइसकेको छ । गल्तीवाट पाठ सिक्नुपर्छ । अहिले जिल्लाका कतिपय ठाउँमा त प्राबिधिक स्टमेट बिना नै सडक खन्ने काम भईरहेको छ । अब यस्तो कामलाई रोक्दै हरेक सडकमा वातावारणीय मुल्यांकन अनिवार्य गर्नुपर्छ । विकासवाट विनास हुन्छ भने त्यो विकासले फाईदा गर्दैन । त्यसैले एक दिन चाँडो गर्ने नाममा जथाभावी हैन, बरु एक दिन ढिला होस् त्यसको दिगोपनाको ग्यारेण्टी गरेर मात्र सडक खन्नु पर्छ । सिस्नेरीले दिएको पीडालाई महत्वपूर्ण सिकाईमा रुपान्तरण गर्दै जिल्लाका अरु ठाउँमा पनि यातायात चलाउने प्रयोजनको सानै सडक भएपनि त्यसको बिशिष्ट अध्ययन पछि काम शुरु गर्नु पर्छ । सिस्नेरी भिरले सोलुखुम्बुको सडक यातायातमा समस्यामात्र हैन विकल्प खोज्नु पर्नेसम्मको बाध्यता आएको छ । त्यहाँ साँढे ३ करोड बराबरको लागानी खेर गएको छ भने एक दशक अघि नै करिब ३ करोडको लगानीमा बनाइएको पुल पनि पैदलयात्रीका लागि मात्र उपयोगी भएको छ । जसको लागि झोलुङ्गे पुल नै काफी हुन्थ्यो । तराईबाट सदरमुकामसम्म नियमित सडक सञ्चालनका लागि जो कसैले कुनै स्वार्थ नहेरी चाँडै बिस्तृत अध्ययन गरेर बिकल्प तयार गर्नुपर्छ ।

# अस्पतालमा कर्मचारीलाई अवकाश

*सल्लेरी। सोलु समाचार*

हिमाली स्वास्थ्य तथा वातावरणीय सेवा केन्द्र फाप्लुले सोलु अस्पताल फाप्लुमा कार्यरत १२ जना कर्मचारीलाई अवकास दिएको छ। अस्पताल अन्तर्गत बिभिन्न सेवामा उपलब्ध गराएका कर्मचारीहरुलाई सुबिधा दिन रकम अभाव भएको भन्दै परियोजनाले बिना पूर्व जानकारी कर्मचारी कटौती गरेको हो । जिल्ला स्वास्थ्य कार्यालयसँग कुनै सम्झौता नगरी एक दशकदेखी काम गर्दै आएको परियोजनाले एकैपटक ठुलो संख्यामा कर्मचारी कटौती गर्दा अस्पताल सञ्चालनमा समस्या आएको छ।

१० बर्ष अगाडीदेखी सोलुखुम्बुमा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा हिमाली स्वास्थ्य तथा वातावरण सेवा परियोजनाले दाँत तथा मातृ शिशु स्याहार कार्यक्रम समेत सञ्चालन गर्दै आईरहेको छ।

केही समय अघि अस्पतालमा कार्यरत कर्मचारीहरु बीच उत्पन्न बिबादको परिणमस्वरुप यो समस्या आएको धेरैले अनुमान गरेकाछन्। पूर्व जानकारी बिना कार्यरत अबकास दिएकोमा कर्मचारीहरु आक्रोशित भएका छन्।

## सम्झौता गर्ने निर्णय

आइतबार बसेको अस्पताल बिकास समितिको बैठकले हिमाली स्वास्थ्य तथा वातावरणीय सेवा परियोजना र अस्पताल बीच कार्यसञ्चालनको सम्झौता गर्ने निर्णय गरेको छ। समितिका अध्यक्ष महेश किरातीको अध्यक्षतामा बसेको बैठकले अस्पतालको व्यवस्थापन पक्ष सुधार गर्ने र परियोजनाले निकालेका १२ जना मध्ये ६ जना कर्मचारीहरुलाई अस्पताल विकास समितिकै तर्फबाट सेवा सुविधा प्रदान गर्ने समेत निर्णय गरेको छ।

## शान्ति मन्त्रालयका.....

स्मृति नमुना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको छ। यस कार्यक्रमले द्वन्द्वग्रस्त क्षेत्रका आला घाउहरुमा मलम लागाउने अपेक्षा गर्न सकिन्छ। नेपालको २४० वटै निर्वाचन क्षेत्रमा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको छ। सोको लागि ४४४ वटा योजना तय गरी राष्ट्रिय योजना आयोगमा पठाईएको छ । यस खाले कार्यक्रमबाट शान्तिका लागि विकास गर्ने एउटा नयाँ जागरण निम्त्याउने आशा गरिएको छ । यस्तै २८ जिल्लामा २०१ वटा क्रमागत योजना निर्माण गरी ९ करोड ६८ लाख विनियोजन गरिएको छ।

द्वन्द्वका कारण क्षति भएका भौतिक संरचना पुनःनिर्माणका लागि १४ करोड ७० लाख विनियोजन गरिएको छ। यसैगरी प्रत्येक दिन एक हजार नेपाली युवाहरु खाडी मुलुकतिर कामका लागि जाने गरेको समाचारले आघात पारेको बेला हामीले १० हजार नेपालीलाई स्वरोजगार बनाउन 'जनशक्ति विकास कार्यक्रम' गर्ने निर्णय गरेका छौं। जसका लागि १० करोड विनियोजन गरिएको छ। यसका साथै, जनयुद्ध र जनआन्दोलनका शहिद र घाइतेका छोराछोरीलाई छात्रवृत्ति, शहिद, बेपत्ता, अपाङग र अपहरणमा परेकालाई राहातको व्यवस्था गर्ने निर्णय पनि गरिएको छ। अहिलेको यो परिवर्तन सम्भव तुल्याउने ज्युँदा शहिदहरुलाई यस खाले राहात कार्यक्रमले केही मात्रामा भएपनि सम्बोधन गर्ने नै छ। शान्ति सञ्चार र जनसर्म्पकको लागि पनि विशेष निर्णय लिइएको छ।

विद्यमान राजनैतिक परिस्थितिले गर्दा विगतमा युद्धको नेतृत्व गर्नु परेको थियो। यस अवधिमा शान्ति र पुनर्निर्माणको नेतृत्व गर्न पऱ्यो। विगतको जस्तै आधारभूत वर्ग, क्षेत्र, लिङ्गका पक्षमा उभिएर देशलाई अग्रगामी रुपान्तरण गराउने भूमिका सकेजति खेल्ने प्रयास गरियो। दिगो शान्ति र सुव्यवस्था कायम गर्नका लागि क्रियाशील शान्ति मन्त्रालयवाट यो अवधिमा ६ वटा समुहसँग औपचारिक रुपमा वार्ता भयो।

तराई, मधेस र राजधानीमा समेत संविधान र कानुन विपरित गतिविधि गरिरहेका सशस्त्र समुहहरुसँग भएका औपचारिक वार्ताले एउटा सकारात्मक सन्देश दिनै लागेको बेला सत्ता राजनीतिमा फेरबदल आयो। भदौ १४ अघि ती समूहहरुले हतियार नेपाल सरकारलाई बुझाउने र आफुहरु शान्तिपूर्ण राजनीतिको मुलधारमा आउने प्रतिवद्धता जाहेर गरेको अवस्था छ। यस जगमा उभिएर डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले सकारात्मक पहलकदमी लिन सकेमा दुनियाँले नेपालमा कहिल्यै शान्ति नआउने भयो भन्न पाउने दिन रहने छैनन् जस्तो पनि लाग्छ। यो संवेदनशील घडिमा यो वातारवण बनाउन शान्ति तथा पुनर्निर्माण मन्त्रालय सफल भएको छ।

यसैगरी पुर्व जनमुक्ति सेनाले उठाएका कथित अयोग्यको बिल्ला खारेज गर्नुपर्ने, दिर्घकालीन व्यवस्थापनका लागि आर्थिक प्याकेजको व्यवस्था गर्नुपर्ने र संयुक्त राष्ट्र संघ शान्ति कोषबाट पूर्व जनमुक्ति सेनाको नाममा भएको खर्चको सत्यतथ्य सार्वजनिक गर्नुपर्ने जस्ता माग राख्यो। यसखाले जाहेज मागप्रति नेपाल सरकारले यथाशक्य चाँडो सम्बोधन गर्ने सकारात्मक पहल गर्ने निर्णय गऱ्यो। जसका आधारमा पुर्व जनमुक्ति सेनाले घोषित नेपाल बन्दको कार्यक्रम समेत स्थगित गऱ्यो। यस सन्दर्भलाई संयुक राष्ट्रसंघका महासिचवका विशेष दुत स्यामुअल टाम्राटलाई पनि अवगत गराइएको छ। यसबारे नेपाल सरकारले सकारात्मक सन्देश दिन सक्नु पर्नेछ।

यो छोटो अवधिमा मन्त्रालयमा आएका प्रायः सबै निवेदन उपर आवश्यक कारवाहीका लागि तोक लगाईयो। जसले गर्दा सेवाग्राहीका गुनासा कम गर्ने प्रयास गरियो। मैले एउटा कार्यक्रममा सबै जनतालाई शान्ति मन्त्रालय हेर्न आउन आग्रह गरेकी थिएँ। यसले पनि हुन सक्छ, यसबीचमा शान्ति मन्त्रालय, निवास र फोन सर्म्पक गरी प्रत्यक्ष ६ हजारभन्दा बढी स्वदेसी र विदेशी नागरिकसित भेटघाट गर्न पाइयो। यसका लागि विशेष सहयोग गर्ने मन्त्रालयका कर्मचारी, पार्टीपंक्ति, स्वकीय तथा सल्लाकार टिमप्रति आभार व्यक्त गर्दछु। यो छोटो समयमा पुरा गरेको जिम्मेवारीले देशलाई अग्रगामी रुपान्तरण गर्नका लागि थप उत्साहित तुल्याएको छ। र, अनुभवका हिसावले आउँदा दिनमा खेल्नुपर्ने भूमिकाको लागि पनि तयार छु।

**सामान्यज्ञानको उत्तर**

१. सन् १९५६, २. वि.सं. २००७, ३. कम्बोडिया, ४. आर्किमिडिज, ५. मारुनी

## सामान्य ज्ञान

**प्रश्न**

१. नेपालमा पर्यटन गुरुयोजना सर्वप्रथम कहिले तय गरिएको थियो । ?

२. नेपालमा सर्वप्रथम लोकसेवा आयोगको स्थापना कहिले भएको हो ?

३. कुन देशको राष्ट्रिय झण्डामा हिन्दुको मन्दिर अंकित छ ?

४. सुर्य र चन्द्रमाको व्यास नाप्ने तरिका सर्वप्रथम कस्ले पत्ता लगाएका हुन् ?

५. स्त्रीको भेषमा पुरुषले नाच्ने नृत्यलाई के भनिन्छ ?

***उत्तर यतै कतै खोज्नुहोस् ।***

## विचित्र संसार

### ७३ बर्ष पछि औंठी फिर्ता

लसएन्जल्स/एक व्यक्तिले ट्वाइलेटमा खसेर हराएको स्कुले जीवनको याद दिने चिनो सुनको औंठी ७३ बर्षपछि जस्ताको त्यस्तै फिर्ता पाएकाछन्। यसले उनी अत्यन्त खुशी भएको समाचार एजेन्सीहरुले जनाएकाछन्। ९० बर्षिया जेसी मैटोसको औंठी सन् १९३८ मा ट्वाइलेटमा खसेको थियो। औंठी खसेको ठाउँभन्दा दुई माइल पर सफाई मजदुरले फेला पारेका थिए। उनी औंठीवाल व्यक्ति जेसीका स्कुले साथी हुन्। औंठीमा मैटोसको हस्ताक्षर थियो। उनी पढ्ने बेला काम गर्ने कसाईको दोकानको ट्वाइलेटमा औंठी खसेको थियो। ५२ बर्षे टोनीले सन् १९७६ मा जेसीसँगै हाइस्कुल पास गरेका थिए। "उनले पछिल्लो समय औंठी भेटेपछि सफा गरेर हेरे, त्यस पछि पत्ता लगाए कि औंठी जेसीको रहेछ" समाचारमा जनाइएको छ। त्यसपछि उनले ठेगाना पत्ता लगाएर औंठी बुझाए। भौतिकवादी समाजको यो घटनाले साथीत्वभावले द्रव्यमोह त्यागेको स्पष्ट गर्छ।

## तामाखानी गाबिसलाई......

दिसापिसाव गरौं वातावारण स्वच्छ राखौं। लगाएतका नाराका साथ बिभिन्न बिद्यालयका बिद्यार्थी, शिक्षक, गाबिस स्थित संघसंस्थाका प्रतिनिधि लगाएत ठूलो संख्यामा स्थानीयबासी उपस्थित भएका थिए।

जिल्ला खानेपानी तथा सरसफाई डिबिजन कार्यालय सल्लेरीको सहयोगमा गाबिसका सबै २ सय ७८ घरमा र बिद्यालय तथा गुम्बामा समेत चर्पी निर्माण सम्पन्न पश्चात गाविसलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएको कार्यालयले जनाएको छ।

बिहिबार आयोजित समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथी नेपाली काँग्रेस सोलुखुम्बुका सभापती आङ गेलु शेर्पाले गाविस खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएकोमा गाविसबासीलाई बधाई दिँदै राज्यले दिने सेवासुबिधालाई मात्र पर्खेर नबसिकन स्थानीयबासी आफैले लगानी गरी त्यसको उपयोग गर्न सिक्नुपर्ने सुझाव दिए। त्यसैगरी बिशिष्ट अतिथि एवं खानेपानी तथा सरसफाई सव डिबिजन कार्यालय सल्लेरीका निमित्ति प्रमुख बद्रिनारायण श्रेष्ठले खानेपानी कार्यालयले करिव १ हजार ५ सयको मात्र लगानी गरिदिएर स्थानयबासीकै सक्रियतामा जिल्लाकै नमुमना काम

.... बाँकी पृष्ठ नं. ८

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

**तामाखानी गाबिसलाई......**

गरेको भन्दै तामाखानीबासीलाई धन्यबाद दिए।

गाविससचिव चक्रबहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सल्लेरी, जिल्ला विकास समिति सोलुखुम्वु, बिभिन्न राजनीतिक दलका प्रतिनिधि लगाएतको उपस्थिती थियो। २०६६ सालबाट गुरुयोजना तयार गरी खुल्ला दिसामुक्त क्षेत्र घोषाण गर्न तयारी गरेको तामाखानी गाविसलाई बिहिबार खुल्ला दिसामुक्त क्षेत्र घोषाण गर्दा विद्यार्थी लगाएत यहाँका संघसंसथाले खुशी व्यक्त गर्दै नाचगान समेत गरेका थिए। चर्पी निर्माणका लागि कार्यालयले प्रति चर्पी पाईप, पेनसेट र २५ केजी सिमेन्ट उपलब्ध गराएको थियो भने बाँकी काम स्थानीय आफैले गरेका थिए।

तामाखानी गाविस खुल्ला दिसामुक्त क्षेत्र घोषणा हुने सोलुखुम्वुको गाविस मध्ये दोश्रो नम्बरमा आएको छ। गुदेल गाविसलाई यस अघि नै खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिसकिएको छ।

पारिवारिक वातावरणमा मज्जाले खाना, खाजा खाने की ?
साथी भाइसँग जमघटमा रमाईलो गर्ने ?
गैह्रीधारा चोक, काठमाण्डौमा
खाजा घर छँदैछ नी ...
आउनुहोस् हैं ........

## दासानायके नेपालका प्रशिक्षक

श्रीलंकाली पूर्व टेष्ट क्रिकेटर पुवुदु दासानायके नेपालको राष्ट्रिय क्रिकेट टिमको नयाँ प्रशिक्षकमा नियुक्त भएकाछन्। नेपाल क्रिकेट संघ (क्यान) को मंगलबार बसेको बैठकले दासानायकेलाई नेपाली राष्ट्रिय क्रिकेट टिमको प्रशिक्षकमा नियुक्त गर्ने निर्णय गरेको हो। ६ महिनाका लागि उनलाई प्रशिक्षकमा नियुक्त गरिएको क्यानका अध्यक्ष विनयराज पाण्डेले बताए। ६ महिनापछि चित्त बुझेमा उनको समयावधि थप हुने पाण्डेको भनाई छ। नेपाली टिमलाई सन् २००१ देखि सन् २०१० सम्म श्रीलंकाकै रोय लुक डायसले सम्हालेका थिए।



क्यानका उपाध्यक्ष श्रीहर्ष कोइरालाको नेतृत्वमा रहेको पाँच सदस्यीय प्राबिधिक टोलीले तीन जनालाई अन्तिम छनौटका लागि चयन गरेको थियो। तीन जनामा दासानायकेसहित श्रीलंकाकै चारिश सेनानायके र पाकिस्तानी मुलका अफताब हबी रहेका थिए।

# सोलु एफएमको आठौं बार्षिक उत्सब

सामुदायिक रेडियो सोलु एफएमले आइतबार आठौं बार्षिक उत्सव मनाएको छ। २०६१ साल भदौ ११ गते पूर्वाञ्चलकै पहिलो सामुदायिक रेडियोको रुपमा सल्लेरीको दोर्पू बजारवाट प्रसारणमा आएको ५ सय वाटको प्रसारण क्षमता भएको सोलु एफएम पूर्वाञ्चलको अधिकांश जिल्लामा सुन्न सकिन्छ।

बार्षिक उत्सवको अवसरमा चियापनका साथ एफएम परिषरमा आयोजित कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरुले सोलु एफएमले जिल्लाको सञ्चार क्षेत्रमा पुऱ्याएको योगदान उच्च रहेको विचार व्यक्त गरे। सोलु एफएमले जिल्लाका नागरिकमा जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको समेत उनीहरुले बताएका थिए।

चियापान कार्यक्रममा एकिकृत नेकपा माओवादीका सहइन्चार्ज गोम्बु शेर्पा कर्ज्याङले जनयुद्धकालमा माओवादीले रेडियो सञ्चालन गरेको अनुभव सुनाउँदै सोलुखुम्बु जस्तो जिल्लामा रेडियो सञ्चालन गर्न सहज नभएको अवस्थामा पनि सोलु एफएम उत्कृष्ट रुपमा सञ्चालन भएको खुशी व्यक्त गरे।

नेपाली कांग्रेसका सभापति आङ गेलु शेर्पाले संक्रमणकालिन अवस्थामा सोलु एफएमले खेलिरहेको भूमिका सह्रानीय रहेको बताउनुभयो। वहाले सोलु एफएमले सबै राजनीतिक दल तथा अन्य पक्षलाई समान महत्व दिनु राम्रो पक्ष भएको भन्दै खोजमलक पत्रकारितामा थप जोड दिन सुझाब दिए।



नेकपा एमालेका अध्यक्ष आङ डिमा लामाले सोलुखुम्वुलाई अघि बढाउन सोलु एफएमको योगदान उच्च रहेको बताए। वहाले समाचार संम्प्रेशन गर्दा सन्तुलन कायम गर्न आबश्यक रहेको बताए।

नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष नरेन्द्र थापा मगरले सोलु एफएमले सबै जातजातिलाई समान व्यवहार गरेको र आदिवासी जनजातिलाई सूसुचित गर्न यसको भूमिका उल्लेखनीय रहेको बताए। कार्यक्रममा सम्पूर्ण राजनीतिक दलका प्रमुखहरुले सोलु एफएमलाई सहयोग गर्न आफूहरु सदा प्रतिबद्ध रहेको बताएका थिए।

सोलु एफएम सञ्चालक समितिका सदस्य बुद्धिकुमार राजभण्डारीले सबैको साथ सहयोग र सुझाबले नै सोलु एफएम निरन्तर रुपमा अघि बढिरहेको बताउँदै अझ सुधारका लागि निरन्तर रुपमा सुझाब पाउने आशा व्यक्त गरे। राजभण्डारीले सबै मिडियालाई समान व्यवहार गरिनु पर्नेमा समेत जोड दिए।

कार्यक्रममा सोलु एफएम सञ्चालक समितिका अध्यक्ष बुद्धिनारायण श्रेष्ठले एफएमले सोलुखुम्वुको सामाजिक विकासका लागि पहल गरिरहेको भन्दै यसमा सहयोग गर्न सबैसँग आग्रह गरे। बिभिन्न समस्याका बाबजुद पनि समाजको सकारात्मक परिवर्तन गर्नु र सबैलाई सन्तुलित व्यवहार गर्नु सोलु एफएमको बिशेषता भएको उनको भनाई थियो।

कार्यक्रममा सोलु एफएमका स्टेशन म्यानेजर मनोजकुमार श्रेष्ठले जिल्लामा रहेका सञ्चार क्षेत्रमा विभेद भईरहेको भन्दै जिल्लास्थित सरोकारबाला निकायले गुणस्तरीय र प्रभावकारितालाई हेरेर सहयोग गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा सोलुखुम्बु जिल्ला स्थित विभिन्न सरकारी तथा गैह्र सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधीहरुको साथमा श्रोताहरुको उल्लेख्य सहभागिता रहेको थियो।

सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनको मूल मन्त्रका साथ सञ्चालित सोलु एफएमले नेपाली बाहेक पनि अन्य विभिन्न भाषामा समेत कार्यक्रम प्रसारण




गर्ने गरेको छ। सोलु एफएम हालसम्म राष्ट्रिय स्तरका दुई पुरस्कारका साथमा दर्जनौ स्थानीय संघसंस्थाहरुवाट सम्मानित भइसकेको छ। सोलु एफएमले बृहत् कार्यक्रमहरु भने स्थापना दिवसको अवसर पारेर कार्तिक महिनामा आयोजना गर्ने गरेको छ।

सोलु एफएमका लागि अध्यक्ष बुद्धिनारायण श्रेष्ठद्वारा प्रकाशित सोलु समाचार साप्ताहिक फोन/फ्याक्स ०३८ ५२०२८१ email : soluweekly@gmail.com/solufm@gmail.com